# <u>बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९</u>

स्वीकृत मितिः२०७९/१०/२३

**<u>प्रस्तावना:</u>** प्रदेशमा लामो समय देखि बाँझो रहदै आएका खेती योग्य जमिनमा पुनः खेती गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्वि गरी कृषकको आर्थिकस्तरमा सुधार ल्याउन वान्छनीय भएकाले विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले बाँझो जमिनमा करार खेती गर्न निर्देशनालय/केन्द्र समक्ष आवेदन पेश गर्ने कृषक/निजी कृषि फर्म/कृषक समूह/कृषि सहकारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले स्वीकृत बाँझो जमिनमा करार खेती कार्यक्रम र बजेट सम्झनु पर्छ।

(ग) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्रहरु सम्झनु पर्छ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेशको सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले बाँझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनका लागि प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्न पेश भएको आवेदन र योजना सम्झनु पर्छ ।

(छ) **"बाँझो जमिन"** भन्नाले कुनै व्यक्तिको नाममा नापी भई सो व्यक्ति वा अन्य कसैले पनि विविध कारणले विगत कम्तीमा तीन वर्षदेखि कुनै किसिमको खेती नगरी प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जमिन भन्ने सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ३ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ञ) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका कृषक/निजी कृषि फर्म/कृषक समूह/कृषि सहकारी सम्झनु पर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>संस्थागत व्यवस्था</u>

३. **<u>मूल्याङ्कन समितिको गठनः</u>** (१) आवेदकवाट पेश भएको प्रस्तावहरुको मूल्याङ्कन गर्न निर्देशनालय/केन्द्रमा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ ।

(२) मूल्याङ्कन समितिले बढीमा तीन जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)मुल्याङ्कन समितिले मूल्याङ्कन मापदण्डहरु तयार गरी सो को आधारमा मूल्याङ्कन गर्ने,

(ख) आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम स्थलको स्थलगत निरीक्षण गर्ने,

(ग) प्रस्ताव अध्ययन र स्थलगत निरीक्षण पश्चात मूल्याङ्कन गरी सिफारिस सहित स्विकृतीका लागि निर्देशनालय/केन्द्रमा पेश गर्ने ।

## परिच्छेद-३

## <u>कार्यक्रम सञ्चालन विधि</u>

४.**<u>कार्यक्रम लागू हुने स्थानः</u>** यो कार्यक्रम प्रदेशभर लागु हुनेछ ।

५.**<u>प्रस्ताव माग गर्नेः</u>** (१) निर्देशनालय/केन्द्रले बाँझो जमिनमा खेतीको लागि करारमा जमिन उपलब्ध गराउन ईच्छुक व्यक्तिहरु सूचीकृत हुन अनुसुची-१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचीकृत हुन कम्तीमा २ रोपनी बाझो जमिन कम्तिमा ५ वर्षको लागि करारमा उपलब्ध गराउनु पर्नेछ ।

(३) निर्देशनालय/केन्द्रले बाँझो जमिनमा खेती गर्न इच्छुक आवेदकवाट प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसुची- २ बमोजिमको ढाँचामा ३० दिने सूचना प्रकाशन गर्नुपर्नेछ । आवेदकले कम्तीमा २ रोपनी बाझो जमिन कम्तिमा ५ वर्षसम्मको लागि खेती गर्नुपर्नेछ ।

(४) उपदफा १ र उपदफा २ बमोजिम प्रकाशित सूचना निर्देशनालय/केन्द्रको सूचना पाटी तथा वेबसाईटमा समेत राख्नुपर्नेछ ।

६.**प्रस्ताव पेश गर्नेः** (१) दफा ५ बमोजिम प्रकाशित सूचनाको आधारमा बाँझो जमिनमा खेतीको लागि करारमा जमिन उपलब्ध गराउन इच्छुक व्यक्तिले अनुसूची-३ बमोजिमको निवेदन निर्देशनालय/केन्द्रमा दर्ता गर्नुपर्नेछ ।

(२) खेती गर्न ईच्छुक व्यक्तिहरुले अनुसूची-४ बमोजिमको आवेदन र अनुसूची-५ बमोजिमको प्रतिवद्धता सहित निवेदन निर्देशनालय/केन्द्रमा दर्ता गर्नुपर्नेछ ।

७.**बाँझो जग्गाको बैक स्थापनाः** निर्देशनालय/केन्द्रले बाझो जमिन करारमा उपलब्ध गराउन इच्छुक व्यक्ति र खेती गर्न इच्छुक आवेदकहरुको लगत संकलन गरी बाझो जग्गाको बैक स्थापना गर्नुपर्नेछ ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

८.**सम्झौताः** (१) बाझो जमिनमा करारमा उपलब्ध गराउन इच्छुक व्यक्ति, आवेदक र निर्देशनालय/केन्द्र बीच त्रिपक्षीय सम्झौता गरिनेछ । लाभग्राहीले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(२) सम्झौता भएपश्चात बाझो जमिन करारमा दिने र खेती गर्ने दायित्व सम्बन्धीत व्यक्ति र साझेदार संस्थाको हुनेछ ।

(३) साझेदारले सम्झौतामा उल्लेख भए अनुसार जमिनको क्षेत्रफलमा उल्लेखित समय सिमासम्म खेती गर्नुपर्नेछ ।

(४) सम्झौताको बखत बाझो जमिन करारमा दिने व्यक्तिले उल्लेखित समयसम्म जग्गा रोक्का राखुपर्नेछ ।

९.**भुक्तानी** : बाझो जमिन करारमा उपलब्ध गराउने व्यक्तिलाई वार्षिक प्रति रोपनी रु. दुई हजारको दरले निर्देशनालय/केन्द्रले नियमानुसार भुक्तानी दिनेछ ।

१०.**साझेदारलाई प्रोत्साहनः** बाझो जमिनमा खेती गर्ने साझेदार संस्थालाई आवश्यक भौतिक संरचना, सिचाई, प्रविधि तथा बीउ पूजी परिचालनमा प्राथमिकता दिईनेछ ।

## परिच्छेद -५
## विविध

११.**अनुगमन तथा मूल्याङ्कनः** (१) मन्त्रालय, निर्देशनालय, स्थानीय तहले सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(२) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु साझेदारको दायित्व हुनेछ ।

१२.**<u>कारबाहीको व्यवस्था</u>:** लाभग्राहीले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा प्राप्त गरेमा वा प्राप्त सेवा सुविधाको दुरुपयोग गरेको पाइएमा भुक्तानी भएको रकम प्रचलित कानून अनुसार ब्याज सहित असुल उपर गरिनेछ ।

१३.**<u>संशोधन</u>:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४.**<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

## अनुसूची -१
### (दफा ५ को उपदफा १ सगँ सम्बन्धित)
### बाझो जमिन करारमा दिन इच्छुक व्यक्ति सूचीकृत हुनको लागि सूचना

यस निर्देशनालय/केन्द्र,.........को आर्थिक वर्ष......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनको लागि बाझो जमिन करारमा दिन इच्छुक व्यक्ति तपसिल बमोजिमका कागजात सहित सूचीकृत हुनको लागि निर्देशनालय/केन्द्र.......मा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. रु. १०/- को हुलाक टिकट टाँस गरेको अनुसूची -३ अनुसारको आवेदन,
२.निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
३.जग्गा लालपुर्जाको फोटोकपी ।

पुनश्चः "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" यस निर्देशनालय/केन्द्रको वेवसाईट......बाट डाउनलोड गर्न सकिनेछ ।

## अनुसूची -२

### (दफा ५ को उपदफा ३ सगँ सम्बन्धित)

### <u>बाझो जमिनमा खेती गर्न ईच्छुक आवेदकमा सूचना</u>

यस निर्देशनालय/केन्द्र,.........को आर्थिक वर्ष......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनको लागि बाझो जमिनमा खेती गर्न इच्छुक आवेदक तपसिल बमोजिमका कागजात सहित सूचीकृत हुनको लागि निर्देशनालय/केन्द्र.......मा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

१. रु. १०/- को हुलाक टिकट टाँस गरेको अनुसूची -४ अनुसारको आवेदन,
२.संस्था दर्ता, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
३.अनुसूची -५ अनुसारको प्रतिवद्धता पत्र
४.निवेदकको नेपाली नागरिकताको,
५.सम्बन्धित स्थानिय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,
६.समूह वा सहकारीको कार्य समितिको बैठकले बाँझो जमिनमा करार खेती कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

<u>पुनश्चः</u> "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" यस निर्देशनालय/ केन्द्रको वेवसाईट......बाट डाउनलोड गर्न सकिनेछ ।

## अनुसूची-३
(दफा ६ को उपदफा १ सगँ सम्बन्धित)

<u>आवेदन फाराम (बाझो जमिन करारमा दिन इच्छुक व्यक्तिको हकमा)</u>

मितिः

श्रीमान् प्रमुखज्यू,
निर्देशनालय/केन्द्र,........ ।

**विषयः सूचीकृत गरिदिने वारे ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालय/केन्द्रबाट सूचना भए अनुसार बाझो जमिन करारमा दिन इच्छुक भएको हुदा कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ निर्देशनालय/केन्द्रमा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु ।

<u>तपसिलः</u>

(क)इच्छुक व्यक्तिको नाम :

(ख)ठेगाना (जिल्ला, स्थानीय तह, वडा र टोल):

(ग)जमिनको क्षेत्रफलः

(घ)जग्गाको कित्ता नम्बरः

(ङ)जग्गाको वर्गिकरणः

(च)जग्गा वरपर सिचाई, भौतीक संरचना, साधन, उपकरण र जनशक्ति आवश्यक सम्बन्धि विवरणः

(छ)जग्गा रोक्का भए/नभएकोः

निवेदकः
नामः
ठेगानाः
छापः

अनुसूची- ४

(दफा ६ को उपदफा २ सगँ सम्बन्धित)

**आवेदन फाराम (आवेदकको हकमा)**

मितिः

श्रीमान् प्रमुखज्यू,
निर्देशनालय/ केन्द्र,........ ।

**विषयः निवेदन सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालय/केन्द्रबाट सूचना भए अनुसार बाझो जमिन करारमा खेती गर्न इच्छुक भएको हुदा कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ निर्देशनालय/केन्द्रमा सूचीकृतको लागि यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. संस्थाको नाम :

२.ठेगाना (जिल्ला, स्थानीय तह, वडा र टोल):

३.खेती गर्न चाहने जमिनको क्षेत्रफलः

क.खेती गर्ने बालीको नामः

ख.निजि/समूह/सहकारीको विवरणः

i.नाम र ठेगानाः

ii.कूल सदस्य संख्याः

iii.कुल सदस्य मध्ये खेती गर्ने सदस्य संख्याः

iv.कार्यक्रममा सहभागी हुने कृषक तथा क्षेत्रफल

| क.सं. | सदस्यको नाम | ठेगाना | खेति गर्ने जग्गाको क्षेत्रफल | वाली र जात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुसूची-- ५

(दफा ६ को उपदफा २ सगँ सम्बन्धित)

**<u>प्रतिबद्धता- पत्र</u>**

निर्देशनालय/ज्ञान केन्द्र,............को मिति........................मा प्रकाशित सूचना अनुसार बॉझो जमिनमा करार खेती कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको / का छु / छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु /छौ र पाँच (५) वर्षसम्म निरन्तरता दिनेछु / छौ । कार्ययोजना अनुसारको कार्य नगरेमा वा पाँच (५) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ छौ । संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु / छौ । साथै यस्तै प्रकृतिका कार्यक्रम सं चालन गर्न यस अघि कुनै पनि सरकारी निकायबाट अनुदान सहयोग प्राप्त गरेका छैनौं। यसमा लेखिए बमोजिम नगरे प्रचलित कानुन बमोजिम सहुँला/बुझउँला ।

<u>साझेदार संस्थाको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगनाः

सम्पर्क नं.

दस्तदतः

मित

| दाँया | बाँया |
|---|---|